# CCS ELEVATE

## FAIRWOOD ELEMENTARY

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र उनिहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($ १०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी  २०२४ को शुरुमा डिस्ट्रिक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गऱ्यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।




यस सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्स शिक्षा बोर्डलाई **फेयरवुड एलिमेन्ट्री स्कूल** बन्द गर्न सिफारिस गर्छ, जुन चाँहि अब ओहायो एभिन्यू र लिभिङ्स्टन एलिमेन्ट्री स्कूल समुदायहरूको एउटा हिस्सा हुनेछ।

**फेयरवुड एलिमेन्ट्री स्कूल (१९२४)** स्कूलको ४७५ विद्यार्थीहरूलाई सेवा गर्न सक्छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा मात्र २१५ जना विद्यार्थीहरू भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ४६% हुन आउँछ।

फेयरवुड डाउनटाउनको पूर्वमा अवस्थित छ। सुविधाहरूको मास्टर प्लान कार्यको क्रममा, ओहायो एभिन्यू र लिभिङ्स्टन दुवैले २१ औं शताब्दीको भवन मापदण्डहरू प्राप्त गरे। फेयरवुड विद्यार्थीहरूलाई यी दुई विद्यालयहरूमा सार्दा पृ-केदेखि कक्षा ५ (PreK-5) र माध्यमिक विद्यालयका विद्यार्थीहरू कक्षा ६देखि ८ सम्म (6-8) कालागि ग्रेड ब्यान्डहरू मानकीकरण हुनेछ। छैठौं कक्षाका विद्यार्थीहरूले उनीहरूलाई परम्परागत माध्यमिक विद्यालयको अनुभव र थप शिक्षण समय प्रदान गर्दै साउत हाई स्कूल कक्षा ६ देखि १२ (South HS 6-12) मा स्थानान्तरण हुनेछन्।


The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS